# भिमाद नगरपालिका

**BHIMAD MUNICIPALITY**

## नगरकार्यपालिकाको कार्यालय

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

भिमाद, तनहुँ

**Bhimad, Tanahun**

२०७३/**2073**

गण्डकी प्रदेश, नेपाल

**Gandaki Province, Nepal**

प.सं./Ref No.:- २०८०/०८१

च.नं./Des No.:- ०१

मितिः २०८०/०४/०१

विषयः सम्पत्ती विवरण फारम भरी दर्ता गराउने सम्बन्धमा ।

श्री जनप्रतिनिधिज्यहरु सवै,
श्री कर्मचारी तथा सामुदायिक विद्यालयका शिक्षकहरु सवै,
भिमाद नगरपालिका, तनहुँ ।

प्रस्तुत विषयमा यस नगरपालिका र अन्तरगतका सवै जनप्रतिनिधि/कर्मचारी/शिक्षकहरुले आर्थिक वर्ष २०७९/०८० को सम्पत्ती विवरण फारम भरी २०८० साल भदौ २८ गते सम्म देहाय वमोजिम सम्वन्धित निकायमा दर्ता गर्नु/गराउनु हुन जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको समयमा सम्वन्धित निकायमा सम्पत्ती विवरण दर्ता नभएको खण्डमा नियमानुसार जरिवाना हुने र सोको जिम्मेवार स्वयम् हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

देहाय

१. जनप्रतिनिधिको हकमा:- भिमाद नगरपालिका, तनहुँको प्रशासन शाखामा दर्ता गराउने ।
२. समायोजन ऐन वमोजिम समायोजन भै कार्यरत रहेका कर्मचारीको हकमा:- राष्ट्रिय कितावखाना (निजामती) ललितपुरमा दर्ता गराउने ।
३. समायोजन ऐन पश्चात लोक सेवा आयोग/प्रदेश लोक सेवा आयोगवाट सिफारिस भै कार्यरत रहेका र करार सेवामा कार्यरत कर्मचारी तथा अन्य सेवाका कर्मचारीको हकमा:- भिमाद नगरपालिका, तनहुँको प्रशासन शाखामा दर्ता गराउने ।
४. सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुको हकमाः राष्ट्रिय कितावखाना (शिक्षक) छाउनी, काठमाडौंमा दर्ता गराउने।
५. सामुदायिक विद्यालयमा कार्यरत अस्थायी/करार शिक्षकहरुको हकमाः भिमाद नगरपालिका, तनहुँको शिक्षा युवा तथा खेलकुद शाखामा दर्ता गराउने ।

२०८०/४/१

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत

भिमाद नगरपालिका

**BHIMAD MUNICIPALITY**

नगरकार्यपालिकाको कार्यालय

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

भिमाद, तनहुँ

**Bhimad, Tanahun**

२०७३/**2073**

गण्डकी प्रदेश, नेपाल

**Gandaki Province, Nepal**

प.सं./Ref No.:- २०८०/०८१

च.नं./Des No.:- ०१

मितिः २०८०/०४/०१

विषयः का.स.मू. फारम भरी पेश गर्ने सम्बन्धमा ।

श्री स्थायी कर्मचारीहरु सवै,
भिमाद नगरपालिका, तनहुँ ।

प्रस्तुत विषयमा यस नगरपालिका र अन्तरगत कार्यरत सवै स्थायी कर्मचारीहरुले आर्थिक वर्ष २०७९/०८० को कार्यसम्पादन मूल्याङ्कन फारम चार प्रति भरी सक्कलै फारम २०८० साल श्रावण ७ गते कार्यालय समय भित्र भिमाद नगरपालिका, तनहुँको प्रशासन शाखामा दर्ता गर्नु/गराउनु हुन जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको समय भित्र प्राप्त नभएका कार्यसम्पादन मूल्याङ्कन फारम दर्ता नगरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

२०८०।४।१

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत